# व्यावसायिक कृषि, पशुपंक्षी तथा मत्स्य व्याज अनुदान सम्वन्धि कार्यविधि, २०७६

## अर्जुनचौपारी गाँउपालिका
## गाँउकार्यपालिकाको कार्यालय

## व्यवसायिक कृषि पशुपंक्षी तथा मत्स्य कर्जामा व्याज अनुदानसम्बन्धी कार्यविधि, २०७६

अर्जुनचौपारी गाउँकार्यपालिकाबाट स्वीकृत मिति :२०७६।६।२७

प्रस्तावना :

अर्जुनचौपारी गाँउपालिकाभित्र कृषि पेशामा संलग्न कृषकहरुलाई कृषि क्षेत्रतर्फ थप प्रोत्साहन र उत्पेरणा प्रदान गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृदि गर्ने उदेश्यले व्यावसायिक कृषकहरुलाई उनीहरुले गरेको व्यवसायलाई आधार मानी कृषि सहकारी संस्थाहरुसँग समन्वय गरेर व्यवसायिक कृषि, पशुपंदक्षी तथा मत्स्य कर्जामा व्याज अनुदान दिने उदेश्यले आ.व. २०७६।७७ को बार्षिक कार्यक्रम अनुसार अर्जुनचौपारी गाँउकार्यपालिकाले यो कार्यविधी तयार गरेको छ ।

परिच्छेद १

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यो कार्यविधीको नाम "व्यवसायिक कृषि, पशुपंक्षी तथा मत्स्य कर्जामा व्याज अनुदान सम्बन्धी कार्यविधि, २०७६ "रहेको छ।

२) यो कार्यविधि अर्जुनचौपारी गाँउकार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

१) **"व्यवसाय "** भन्नाले **अनुसुची ४** बमोजिमको कृषि, पशुपालन तथा मत्स्य व्यवसायलाई जनाउँछ ।

२) "आवेदक" भन्नाले व्यवसायमा कर्जाको व्याज अनुदान सहयोग लिन कार्यालयसमक्ष आवेदन दिएका कृषि फर्म, कृषि कम्पनी र कृषि समूहलाई जनाउँछ ।

३) "अनुदानग्राही" भन्नाले व्याज अनुदान पाउनका लागि दफा ७ बमोजिम छनौट भएका आवेदकलाई जनाउँछ ।

४) **"कार्यालय"** भन्नाले अर्जुनचौपारी गाँउपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

५) **"शाखा"** भन्नाले अर्जुनचौपारी गाँउपालिकाको कृषि तथा पशुपन्छी शाखालाई जनाउँछ ।

६) **"सहकारी"** भन्नाले व्यावसायिक कृषि, पशुपन्छी तथा मत्स्य कर्जा प्रवाह गर्ने कृषि सहकारी संस्था सम्झनु पर्छ ।

७) **"समिति"** भन्नाले दफा ७ बमोजिमको समिति सम्झनु पर्छ ।

८) **"वडा कार्यालय"** भन्ले अर्जुनचौपारी गाँउपालिका मातहत वडा कार्यालय भन्ने सम्झनु पर्छ ।

९) **"परियोजना "** भन्नाले अवेदकको कार्यक्रम प्रस्ताव बमोजिम आयोजना सम्झनु पर्छ ।

१०) **"कार्यालय प्रमुख"** भन्नाले अर्जुनचौपारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

**३.कार्यक्रम संचालनको उदेश्य :** यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रमको उदेश्य देहाय बमोजिम हुनेछ :

१) कृषि तथा पशुपन्छीजन्य वस्तुको व्यवसायिक उत्पादन उत्पादकत्व र गुणस्तरमा वृद्धि गरी कृषक परिवारलाई स्वरोजगार एवं व्यवसायिकरुपमा आत्मनिर्भर बनाउने ।

२) कृषि तथा पशुपंक्षी क्षेत्रमा लगानी बढाई व्यवसायिकता र उद्यमशिलताको प्रबर्द्धन गर्ने ।

३) व्यावसायिक कृषि संम्बन्धी ज्ञान, सीप र प्रविधीको प्रचार प्रसार गरि कृषि तथा पशुपंक्षी क्षेत्रमा संलग्न कृषकहरुको क्षमता अभिबद्धि गर्ने ।

## परिच्छेद २
## कार्यक्रम प्रस्ताव

**४. कार्यक्रम सञ्चालन :**
शाखाले यो कार्यक्रम सञ्चालन गर्नेछ ।

**५. प्रस्ताव माग सम्वन्धमा :**

१) व्यवसायमा कर्जाको व्याज अनुदान सहयोग पुर्याउने उदेश्यले शाखाले ३० दिने म्याद दिई संचार मार्फत प्रस्ताव आह्वान गरी **अनुसूची १** बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।साथै उक्त सूचना कार्यालयको वेवसाईट र सूचना पार्टी साथै वडा कार्यालयको सूचनापाटीमा समेत टाँस गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि तोकिएको म्याद भित्र आवेदकले **अनुसूची २** बमोजिम निवेदनको साथ देहायबमोजिम कागजातहरु पेश गर्नुपर्दछ ।

क) कृषि फर्म, कृषि समुह, कृषि कम्पनी प्रचलित कानून बमोजिम आधिकारिक निकायमा दर्ता तथा नवीकरण भएको प्रमाणपत्र र स्थायि लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी एक/एक प्रति तर कृषक साथै कार्यसमितिको बैठकले व्यवसाय स्थापनाको लागि सहयोग माग गरेको निर्णयको प्रतिलिपि ।तर व्यक्तीको हकमा बैठक र लेखापरिक्षणको आवश्यकता पर्ने छैन ।

ख) वडा कार्यालयमा सूचिकृत कृषक बर्गीकरण फाराम ।

ग) आवेदकले आफुले संचालन गर्ने व्यवसायको **अनुसूचि ३** बमोजिमको परियोजना प्रस्ताव ।

घ) आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि र निजको परिवारको मञ्जुरीनामा पत्र वा प्रचलित कानून बमोजिम सामान्यतया १० बर्ष लिजमा लिएको खुल्ने सक्कल कागज तर पशु पालन व्यवसायका हकमा २० बर्ष लिजमा लिएको हुनु पर्नेछ ।

ङ) नयाँ फार्म, कम्पनी, कृषक समुह भएको खण्डमा प्रस्ताव दर्ता गराउने अन्तिम म्याद अगावै दर्ता भई सम्पूर्ण कागजात प्राप्त भैसकेको हुनुपर्ने छ ।

**६. प्रस्ताव संकलन** : दफा (५) बमोजिम पेश भएका प्रस्तावहरु शाखाले संकलन गरी दर्ता गर्नुपर्नेछ । शाखाले दफा (५) को उपदफा (२) बमोजिमको कागजातहरु नपुगेको खण्डमा प्रस्तावहरु दर्ता गर्न ईन्कार गर्नेछ ।

## परिच्छेद-३
## समिति र छनौट मापदण्ड

**७. समिति :**

१) कार्यक्रम संचालनको लागि प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गर्न गाँउपालिकाले देहायबमोजिमको सदस्यीय समिति गठन गर्नेछ ।

**मूल्यांकन समिति**

| | | |
|---|---|---|
| क | कार्यालय प्रमुखले तोकेको अधिकृत स्तरको कर्मचारी | संयोजक |
| ख | कृषि शाखा प्रमुख | सदस्य |
| ग | पशु शाखा प्रमुख | सदस्य |

| | | |
|---|---|---|
| घ | आर्थिक प्रशासन शाखा प्रमुख वा प्रतिनिधि | सदस्य |
| ङ | योजना शाखा प्रमुख वा प्रतिनिधी | सदस्य |

२) समितिको बैठकमा आवश्यकता अनुसार सहकारीको प्रतिनिधी आमन्त्रण गर्न सकिनेछ ।

३) समितीमा रहने व्यक्ति वा एकाघरका सदस्यको नामबाट प्रस्तावना पेश भएको अवस्थामा सो प्रस्ताव मूल्याङ्कन समितीमा त्यस्तो समितिमा रहने छैन। त्यस्तो अवस्थामा कार्यालय प्रमुखले अन्य सदस्यलाई मूल्याङ्कन समितिमा खटाउनुपर्नेछ,

८. मूल्याङकनको आधार :

१) समितिले दफा (५) बमोजिम प्राप्त निवेदनहरुलाई अनुसूचि ४ अनुसार मापदण्ड पुगेको खण्डमा मात्र देहायबमोजिमका आधारहरुमा मूल्यांकन गरि कार्यालय प्रमुख समक्ष सिफारिस गर्नुपर्नेछ तर अनुसूचि ४ अनुसार मापदण्ड नपुगेका र प्रस्तावित ब्याज अनुदान रकम बराबरको अनुदान सहयोग विगत १ बर्षदेखि सरकारी तथा गैहसरकारी संस्थाबाट पाईसकेका आवेदकहरुलाई मूल्यांकन प्रक्रियामा समावेश गरिने छैन ।

| क.स. | मूल्याङ्कनका आधारहरु | अङ्क |
|---|---|---|
| क) | व्यवसाय स्थापना गर्ने प्रस्तावित जमिनको उपयुक्तता (जम्मा १० अङ्क) | |
| | १) पर्याप्त तथा उपयुक्त जमिन भएको | १० |
| | २) पर्याप्त तथा उपयुक्त जमिनको सम्भावना भएको | ७ |
| | ३) अपर्याप्त तथा अनुउपयुक्त जमिन भएको | ० |
| ख) | व्यवसाय स्थापना गर्ने ठाँउमा प्राकृतिक स्रोत र अन्य पूर्वाधारको उपलब्धता (पूर्वाधार भन्नाले सडक, सिँचाइ, विद्युत, बजार आदिलाइ बुझाउँदछ ।) (जम्मा १० अङ्क) | |
| | १) अनुकुल हावापानी र पूर्वाधारको सुविधा भएको | १० |
| | २) अनुकुल हावापानी तर पूर्वाधारको सुविधा अपर्याप्त भएको | ५ |
| ग) | आवेदकको प्राविधिक ज्ञान, सीप (जम्मा ५ अङ्क) | |
| | १) व्यवसायिक कृषि, पशुपन्छी तथा मत्स्य सम्वन्धी तालिम ७ कार्यदिन भन्दा बढी अवधिको लिएको | ५ |
| | २) व्यवसायिक कृषि, पशुपन्छी तथा मत्स्य सम्वन्धी तालिम ७ कार्यदिन भन्दा कम अवधिको लिएको | २ |
| | ३) व्यवसायिक कृषि पशुपन्छी तथा मतस्य सम्वन्धी तालिम नलिएको | ० |
| घ) | आवेदकको पेशागत अनुभव (जम्मा ५ अङ्क) | |
| | १)१० वर्ष भन्दा माथिको अनुभव | ५ |
| | २) ५ देखी १० वर्षसम्मको अनुभव | ३ |
| | ३) ५ वर्ष भन्दा कम अनुभव | २ |
| ङ) | प्रस्तावकको मुख्य पेशा वा व्यवसाय (जम्मा १० अङ्क) | |
| | १) घरको कुनै पनि सदस्यले अन्य पेशा वा व्यवसाय नगरेको | १० |
| | २) घरको १ जना सदस्य अन्य पेशा वा व्यवसायमा समावेश भएको | ७ |

| | | |
|---|---|---|
| | ३) मुख्य पेशा कृषि नभै अन्य पेशा वा व्यवसाय भएको | ५ |
| च) | **सम्बन्धित वडा कार्यालय गर्ने सिफारिस (जम्मा ५ अङ्क)**<br>१) कार्यक्रम सञ्चालनको लागि उपयुक्त आवेदक हो भनी सिफारिस गरेको हकमा<br>२) वडा कार्यालयबाट सिफारिस प्राप्त नभएमा | <br>५<br>२ |
| छ) | सहकारीको सिफारिस (जम्मा ५ अङ्क) | ५ |
| | जम्मा | ५० |

२) मूल्यांकन गर्नुभन्दा पहिला समितिले आवेदकको परियोजना स्थलको स्थलगत अनुगमन गर्नुपर्नेछ ।

३) मूल्यांकनको क्रममा सवभन्दा बढी अंक प्राप्त गरेका आवेदकहरुलाई प्रथमिकताक्रम अनुसार छनौटको लागि सिफारिस गर्नुपर्नेछ ।सम्भव भएसम्म प्रत्येक वडामा कम्तिमा एक जना आवेदक छनौटका लागि सिफारिस गर्नुपर्नेछ ।

४) समितिले आर्थिक तथा सामाजिक रुपले पिछडिएको बर्ग, क्षेत्र, जाति, लिङ र समुदायलाई विशेष प्रथमिकता दिनुपर्नेछ ।

५) यसरी सिफारिस गर्दा आवेदकलाई प्रदान गर्न सक्ने कर्जाको सिमा र समयवधि समेत उल्लेख गर्नुपर्नेछ ।

६) सिफारिस भएका आवेदकहरुको छनौट सम्बन्धि निर्णय कार्यालय प्रमुखले निर्देशक समितिसँग आवश्यक छलफल गरी टुङ्यांउनेछ ।

## परिच्छेद ४
## अनुदान प्रवाह

९. लागत इष्टिमेट र सम्झौता :

१) प्रस्ताव छनौट पश्चात आवेदकको व्यवसाय स्थापनाको लागि सम्बन्धित विषयको प्राविधिक मार्फत स्थलगत अनुगमन गराएर लागत इष्टिमेट तयार गरी स्वीकृतिको लागि कार्यालयमा पेश गर्नुपर्नेछ ।

२) स्वीकृत ईष्टिमेटको आधारमा कार्यालय र अनुदानग्राही बीच अनुसूची ५ बमोजिमको सम्झौता गरिनेछ

३) कार्यालयले उक्त सम्झौता पत्र लगायत अन्य आवश्यक कागजातहरु सहकारी संस्थामा कर्जा स्वीकृतको लागि पठाउनेछ।

१0. व्याज अनुदान रकम र भुक्तानी प्रक्रिया :

१) कार्यालयले सहकारीको वित्तिय क्षमताको मूल्याङ्कन गरी अर्जुनचौपारी गाँउपालिकाभित्रका १ भन्दा वढी कृषि सहकारीसँग यस कार्यविधि बमोजिम कर्जा प्रवाहको लागि सम्झौता गर्नेछ ।

२) आवेदकको परियोजना प्रस्ताव जतिसुकै भएतापनि व्यवसाय स्थापनाको लागि कार्यालयले बढीमा रु १० लाख सम्मको कर्जाको लागि सिफारिस गर्न सक्नेछ । यस्तो कर्जामा शतप्रतिशत व्याज अनुदान हुनेछ ।सहकारीबाट कर्जा स्वीकृत भएपछिको मितिलाई मात्र कार्यालयले भुक्तानी गर्ने समयवधि गणना गर्नेछ ।

३) कार्यालयले अनुदानग्राहीलाई ब्याज अनुदान कर्जा स्वीकृत भएको अवधी सम्मको लागि उपलब्ध गराईनेछ । सम्बन्धित विषयको प्राविधिक प्रतिवेदन सहित कार्यप्रगतिको आधारमा सम्बन्धित अनुदानग्राहीले कर्जा लिएको सहकारीलाई चेक मार्फत प्रत्येक महिनाको अन्तिममा भुक्तानी गराईनेछ ।

४) व्यवसायको प्रकृति र परियोजना प्रस्तावलाई मूल्याङ्कन गरेर कर्जाको अवधि बढिमा २ वर्षको हुनेछ ।

५) व्यवसायको साँवा भुक्तानी गर्ने दायित्व सम्बन्धित अनुदानग्राहीको हुनेछ। साथै व्यवसायको सञ्चालन एवं व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित व्यवसायीको हुनेछ ।

६) कार्यालयले देहाय बमोजिम व्यवसायमा कर्जा लगानीको अवधि निम्न अनुसार तोकिनेछ ।

| | |
|---|---|
| क. भैसीपालन | २ बर्ष |
| ख. बाख्रा भेडा पालन | १८ महिना |
| ग. तरकारी खेती | ६ महिना |
| घ. बंगुर पालन | १ बर्ष |
| ङ. माछा पालन | १ बर्ष |
| च. कुखुरा पालन | १ बर्ष अण्डा उत्पादन, मासुको लागि ६ महिना |
| छ. फलफुल | १ बर्ष |
| ज. अलैची, कफी तथा चिया | १ बर्ष |
| झ. च्याउ | ६ महिना |
| ञ. मौरीपालन | ६ महिना |
| ट. अन्य वाली तथा बस्तु | व्यवसायको प्रकृति हेरी निर्धारण गरिनेछ |

**परिच्छेद ४**

**काम, कर्तव्य र अधिकार**

**११. अनुदानग्राहीको काम, कर्तव्य र अधिकार**

१) अनुदानग्राहीले कम्तिमा ५ बर्षसम्म अविछिन्न रुपमा प्रस्ताव एवं सम्झौता बमोजिमको व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

२) अनुदानग्राहीले आफ्नो व्यवसायको अनिवार्य रुपमा विमा गर्नु पर्नेछ ।

३) अनुदानग्राहीले यस कार्यविधि बमोजिम तोकिएको प्रक्रिया पुरा गरी स्वीकृत भएको कर्जा लिनको लागि परियोजना प्रस्ताव र सम्झौता पत्र सहितको निवेदन सहकारीमा दिनुपर्नेछ ।

४) आफूले लिएको कर्जाको साँवा रकम समयमै भुक्तानी गर्ने र कर्जा सुरक्षित गर्नको लागि सहकारीले मागेका विवरण उपलब्ध गराउने र तोकेका शर्तहरुको पालना गर्ने ।

५) जुन उदेश्यको लागि कर्जा लिएको हो सोही उदेश्यका लागि मात्र कर्जाको उपयोग गर्नुपर्नेछ । उक्त कर्जा सदुपयोग भएको नपाईएमा कार्यालयले व्याज अनुदान भुत्तानी गर्ने छैन ।

**१२. सहकारीको काम, कर्तब्य र अधिकार**

१) परियोजना प्रस्तावको सम्भाव्यता र कर्जाको सदुपयोग हुने आधारमा कर्जा प्रवाह गर्न गाँउपालिकालाई सुझावहरु दिने ।

२) अनिवार्य रुपमा सदुपयोगिता निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गरी राख्ने ।

३) कर्जामा व्याजदर ९ प्रतिशत भन्दा बढी लिन पाईनेछैन ।

४) यस कार्यविधी बमोजिमको कर्जाको ब्याजदर सम्झौता बमोजिमको समयावधि भर वृद्धि गर्न पाईने छैन

५) सहकारीले कर्जा प्रवाह गर्दा सहकारीको नियमानुसार धितो राखी ऋण प्रदान गर्नेछ ।

## परिच्छेद ६

### अनुगमन तथा मूल्यांकन

१३. **निर्देशक समिति :** गाउँपालिकाको शाखा र समितिले गरेका कामकारवाही बारे निरिक्षण गरी आवश्यक निर्देशन तथा सहजीकरण गर्नको लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ ।

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | संयोजक |
| २. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३. कार्यालिकाले तोकेको एक जना सदस्य | सदस्य |
| ४. सहकारी मध्ये कार्यालयले तोकेको एक जना | सदस्य |
| ५. गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | सदस्य |

१४. **अनुगमन तथा मूल्यांकन :**

१) कार्यालय, वडा कार्यालय र शाखाले यस कार्यविधी अनुसार संचालित परियोजनाको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिमको निर्देशन पालना गर्नु ब्याज अनुदानग्राहीको कर्तव्य हुनेछ । साथै ब्याज अनुदानग्राहीले व्यवसाय संचालन भएको स्थानमा विस्तृत विवरण झल्किने होडिङ बोर्ड राख्नुपर्नेछ ।

३) सम्झौता अनुरुप काम नगर्ने अनुदानग्राहहरुलाई सम्वन्धित निकायले व्याज अनुदान रकम रोक्का गर्न सक्नेछ । यस कार्यविधी अनुरुप अनुदान रकमको दुरुपयोग गरेमा वा रकमको हिसाब नबुझाउने अनुदानग्राहीलाई प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरिनेछ ।

४) प्रस्ताव मूल्याङ्कन, छनौट, सम्झौता देखि कार्यान्वयन चरण सम्म खटिने पदाधिकारीहरुको दैनिक भ्रमण भत्ता र बैठक भत्ता कार्यालयले नियमानुसार उपलव्ध गराउनेछ ।

### विविध

१५. **बाधा अडकाउ फूकाउ :** यस कार्यविधी कार्यान्वयन सम्बन्धमा कुनै द्बिविधा भएमा सो को निरुपण गाँउकार्यपालिकाले गर्नेछ ।

१६. यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम तथा अन्य विषयहरू प्रचलित कानून बमोजिम हुनेछन् ।

## अनुसूचि १ : व्यवसाय स्थापनाको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना

**अर्जुनचौपारी गाँउपालिका**

**गाँउकार्यपालिकाको कार्यालय स्याङ्जा**

आवेदन

प्रथम पटक प्रकाशित मिति : २०७६/..../....

यस गाँउपालिकाले आ.व. २०७.../.... मा सञ्चालन गरिने व्यावसायिक कृषि, पशुपंक्षी तथा मत्स्य कर्जामा प्रदान गरिने व्याज अनुदान सहयोगका लागि परियोजनाको लागतको आधारमा बढीमा १० लाख सम्मको कर्जामा बढिमा २ वर्ष शत प्रतिशत व्याज अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुंदा ईच्छुक अर्जुनचौपारी गाँउपालिकाभित्रको कृषि, फार्म, कम्पनी, समुहले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय बमोजिम कागजातहरु र निवेदन अर्जुनचौपारी गाँउपलिकाको कृषि तथा पशुपन्छी शाखामा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र सं | व्यवसायको प्रकृति | व्यावसायिक कृषि पशुपन्छी तथा मत्स्य कर्जाको सीमा | आवश्यक कागजातहरु | कैफियत |
|---|---|---|---|---|
| १ | अनुसुची ४ बमोजिम | रु. १० लाख सम्म | • कृषि फार्म वा कम्पनीको हकमा संस्थाको दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाण पत्र र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु।<br>• कृषक समुहको हकमा दर्ता प्रमाणपत्र, बार्षिक अडिट रिपोर्ट र कार्यसमितिको बैठक निर्णयको प्रतिलिपि ।<br>• सम्बन्धित वडाको कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारसिपत्र<br>• सम्बन्धित वडामा कृषक वर्गिकरण फारम भरी सूचिकृत भएको हुनुपर्ने । | |

पुनश्चः निवेदन र परियोजना प्रस्ताव यस गाँउपालिकाबाट तयार गरिएको निर्दिष्ट ढांचामा पेश गर्नुपर्नेछ ।निवेदन र परियोजना प्रस्तावको ढांचा यस गाँउपालिकाको वेभसाईट बाट डाउनलोड गर्न सकिनेछ ।

थप जानकारीका लागि सम्पर्कः


अर्जुनचौपारी गाँउपालिका कृषि तथा पशुपन्छी शाखा

Email- arjunchaupari11@gmail.com

Website –www.arjunchauparimun.gov.np

फोन नं 063422007

अनुसूचि २ : **व्यवसायिक कर्जामा व्याज अनुदान प्राप्त गर्न** आवेदकले पेश गर्ने निवेदन

| रु १० को टिकट |
|---|

मिति :

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृत** ज्यू
अर्जुनचौपारी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यलय,स्याङ्जा ।

विषय : **व्यवसायिक कर्जामा व्याज अनुदान बारे** ।

प्रस्तुत विषयमा अर्जुनचौपारी गाँउपालिकाबाट सूचना प्रकाशित भए अनुसार व्यावसायिक कृषि, पशुपंक्षी तथा मत्स्य कर्जामा प्रदान गरिने व्याज अनुदान सहयोग कार्यक्रम संचालनका लागि यसैसाथ संलग्न परियोजना प्रस्तावमा उल्लेख भए अनुसार व्यवसाय स्थापना वा संचालनका लागि आवश्यक अन्य कागजातहरु सहितको वार्षिक योजना जम्मा रु. ................................................ अक्षेरुपी ........................................................................... तयार गरेको छु ।
तपशिल बमोजिमका कागजातहरु यसै निबेदन साथ पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

संलग्न कागजातहरु

१. फर्म दर्ता वा नवीकरण प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर तथा गत आ.ब.को लेखापरिक्षण प्रतिबेदन प्रतिलिपि
२. निर्दिष्ट फर्मेट अनुसार परियोजना प्रस्ताव
३. कृषक समूहको हकमा दर्ता प्रमाणपत्र र कार्यसमितिको बैठक निर्णयको फोटोकपी
४. प्रस्तावित परियोजना स्थलको फोटो र प्रस्ताव मुल्याङ्कनलाई सहयोग हुने अन्य केही सपोर्ट डकुमेन्ट भए सो समेत
५. सम्बन्धित वडामा कृषक वर्गिकरण फारम भरि सूचिकृत भएको हुनुपर्ने ।
६. सम्बन्धित कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारसिपत्र

निवेदकको

हस्ताक्षर
नाम
ठेगाना
मोवाईल नं
छाप

**अनुसूचि ३ : व्यावसायिक कृषि, पशुपंक्षी तथा मत्स्य कर्जामा व्याज अनुदान सहयोग कार्यक्रम संचालनका लागि आवेदकले पेश गर्नुपर्ने परियोजना प्रस्ताव**

**१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण :**

| | |
|---|---|
| **आवेदक नाम :** | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) : | |
| कृषि फर्म, कृषक समुह,संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| कृषि फर्म, कृषक समुह, संस्थाको मुख्य संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईटर वा अध्यक्षको नाम : | |
| मोवाईल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| परियोजनाको नाम | |
| प्रस्तावित आयोजनाको कूल खर्च (यसमा व्याज अनुदान र अनुदानग्राहीको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| गाउँपालिकाबाट माग गरेको कूल व्याज अनुदान रकम (नेरु): | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस । | |

२) हालको  व्यसायको अवस्था

| क्र. सं. | हालको व्यवसाय | व्यवसायको आकार | बार्षिक उत्पादन (अनुमानित) | बार्षिक कुल अनुमानित आम्दानी (रु.) | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

३. प्रस्तावनाको औचित्य तथा महत्व

४. अपेक्षित उपलब्धिहरु र बार्षिक उत्पादन विवरण

प्रस्तावित व्यवसायका अपेक्षित उपलब्धिहरु तपशिल बमोजिमका हुनेछन्

- व्यवसायको आकार
- बार्षिक उत्पादन
- बार्षिक जम्मा आम्दानी
- रोजगारी सिर्जना

५) परियोजनाका मुख्य मुख्य क्रियाकलापहरु

| क्र.सं. | क्रियाकलाप विवरण | ईकाई | परिमाण | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | हाल | थप गर्ने | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

६) खर्च विवरण

**क स्थिर खर्चको विवरण**

कृषि यन्त्र उपकरणहरु गोठ, भवन, तारवार, पानी व्यवस्थापन आदि जस्ता संरचना निर्माण पशुवस्तु खरिद पूर्व सञ्चालन खर्च आदि ।

| क्र.सं. | कियाकलापहरुको विवरण | ईकाई | परिमाण | दर | जम्मा खर्च (रु.) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |

**ख चालु खर्चको विवरण (एक बर्षको मात्र)**

कामदार, मल विउ, दाना, घांस व्यवस्थापन, रोगकिरा व्यवस्थापन आदि ।

| क्र.सं. | क्रियाकलापहरुको विवरण | ईकाई | परिमाण | दर | जम्मा खर्च (रु.) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| | | | | | |

## अनुसूचि ४: व्यवसाय सञ्चालन गर्न सकिने विषय क्षेत्र र न्यूनतम मापदण्ड

क.  तरकारी उत्पादनः

कम्तीमा २ रोपनी जमीनमा वा ५०० वर्गमिटर क्षेत्रफलको ग्रीन हाउस वा प्लाष्टिक घरभित्र गुणस्तरयुक्त व्यवसायिक तरकारी उत्पादन गर्ने दिंगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

ख . फलफुल उत्पादनः

कम्तीमा ८ रोपनी जमिनमा विशेष प्रजातीको वा मिश्रित फलफुल कागती, अमला, सुन्तला, लिचि र अन्य उपयुक्त फलफूल बालि उत्पादन कार्यक्रम र खर्च र आम्दानी खुलेको सहितको लागत परियोजना ।

ग.  गाई/भैसीपालनः

कम्तीमा ३ रोपनी जमिनमा घांस, डाले घांसको पूर्वाधार सहित उन्नत नश्लका कम्तीमा ५ वटा व्यक्तीको लागि र समुहको १० वटा दुधालु गाई वा भैसी पालन र उत्पादित दुध विक्रिीका लागि बजारको पहुंच र दिंगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

घ. भेडा तथा बाख्रा पालनः

कम्तीमा ३ रोपनी जग्गामा घांस, डालेघांस वा चरीचरण पुर्वाधार सहित उन्नत नश्लका कम्तीमा २५ वटा माउ बाख्रा पालन र दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

ङ .  बंगुरपालन

उन्नत नश्लका कम्तीमा १० वटा बंगुर वा बंगुरको पाडा पालन र त्यसलाई चाहिने आवश्यक खोर वा गोठ, दानापानी व्यवस्थापन तथा दिंगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

च. कुखुरा पालन

अण्डा उत्पादनका निमित्त कम्तीमा ५०० वटा र मासु उत्पादनका लागि कम्तीमा १००० वटा कुखुरापालनका लागि दिंगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

छ. माछापालन

हावा पानी सुहाउदो माछा २०० वर्ग मिटर क्षेत्रफलको  पोखरी, पानी नसोस्ने र पानीको निकास भएको कम्तीमा ३ रोपनी जमीनको पोखरी सहित आवश्यक प्रविधि उत्पादन र बजार मुल्य श्रृंखलको आधार र दीगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

ज. अलैची, कफी तथा चिया:

कम्तीमा ८ रोपनी जमिनमा अर्गानीक कफी तथा चिया उत्पादन र बजार मुल्य श्रृखलाको आधार एवं दिगों व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

झ. च्याउ उत्पादन

कम्तीमा बार्षिक ५० के.जि. कन्ये वा गोब्रे च्याउ बिउ र कम्तिमा २०० मुडामा सिताके च्याउ बिउको प्रयोग गरि सिफारिस प्रविधि अनुसार च्याउ उत्पादन र बजार मुल्य श्रृखलाको आधार एवं दिगों व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

ञ. मौरीपालन

कम्तीमा २० वटा आधुनिक मौरीघारको प्रयोग गरि सिफारिस प्रविधि अनुसार मैरीपालन गरि मह उत्पादन र बजार मुल्य श्रृखलाको आधार एवं दिगों व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना

ट. अन्य बालि तथा बस्तुहरु

तरकारी बालीको बीउ उत्पादन, पुष्प उत्पादन, लसुन, अदुवा, वेसार र अन्य मसलाजन्य वा नगदे बालीहरु व्यवसायिक रुपमा कम्तीमा ३ रोपनी भन्दा वढी जमिनमा लगाउन दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

**अनुसुची ५: व्यावसायिक  कृषि पशुपंक्षी तथा मत्स्य कर्जामा प्रदान गरिने व्याज अनुदान सहयोग कार्यक्रम संचालनका  लागि सम्झौता पत्रको नमूना**

**सम्झौता पत्र**

| |
|---|
| श्री ....................................................................... (यस पछी पहिलो पक्ष भनिने) र स्याङ्जा जिल्ला अर्जुनचौपारी गाँउपालिका वडा नं. .........को .....................स्थानमा स्थापना भएको श्री .....................का प्रोपाइटर वा अध्यक्ष (यस पछी दोश्रो पक्ष भनिने) विच साझेदारी/सहकार्यमा आ.व. २०   /   को स्वीकृत व्यावसायिक  कृषि पशुपंक्षी तथा मत्स्य कर्जामा प्रदान गरिने व्याज अनुदान सहयोग कार्यक्रम अर्जुनचौपारी गाउँपालिका वडा नं. ...   मा संचालन गर्न तपसिल बमोजिमका शर्तका अधिनमा रही यो सझौता—पत्रमा हस्ताक्षर |

तपसिल :

१. यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. दोस्रो पक्षले कार्यालयको लागत इष्टिमेट अनुसार ..................व्यवसाय ................(व्यवसायको आकार उल्लेख गर्नुपर्ने) मा  सञ्चालन गरेको हुनु पर्ने छ । यसरी स्थापना गरिने व्यवसायमा बढिमा रु. ................. अक्षेरुपी ............................कर्जामा बढिमा शत प्रतिशत व्याजदर पहिलो पक्षले सहकारी मार्फत दोश्रे पक्षलाई  उपलब्ध गराउने छ ।

३. कार्यप्रगति तथा प्राविधिक अनुगमन प्रतिवेदनको आधारमा व्याज अनुदान रकम मासिक रुपमा महिनाको अन्त्यमा भुक्तानी गराईनेछ ।

४. लागत ईष्टिमेट अनुसारका क्रियाकलापहरु दोस्रो पक्षले पहिलो पक्षको सहयोग लिई आफै सञ्चालन गर्नुपर्नेछ ।

५. सम्झौता भएको मितिले १५ दिन भित्र व्यवसाय स्थापनाको लागत ईष्टिमेट अनुसार कार्य शुरु गरिसक्नुपर्नेछ । यदि कार्य शुरु नभएमा सम्झौता स्वत रद्द हुनेछ ।

६. दोश्रो पक्षले यहि २०७.......... साल ...............महिना  ...... गते भित्र लागत ईष्टिमेट अनुसार कार्य सम्पन्न गरि सक्नु पर्नेछ ।

७. दोस्रो पक्षले लागत ईष्टिमेट अनुसारका क्रियाकलापहरु आफैंले नगरी कुनै अर्को पक्षलाई ठेक्कापट्टामा कार्यक्रम दिन पाईने छैन ।

८. दोस्रो पक्षले कार्यक्रम संचालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होडिङ बोर्ड राख्नुपर्नेछ ।

९. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | द्रोस्रो पक्षको तर्फबाट |
|---|---|
| नाम, थर : | नाम,थर : |
| पद : | पद : |
| संस्थाको नाम र छाप : | संस्थाको नाम र छाप : |
| मिति : | मिति : |

रोहबर

सहकारी संस्थाको नाम

प्रतिनिधिको नाम